# जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेड
# GENERAL INSURANCE COMPANY NEPAL LTD.

GENERAL INSURANCE COMPANY NEPAL LTD. Your Security Is Our Motto.

पो.ब.नं.: २२९०, हात्तिसार-१, काठमाण्डौं, नेपाल ।
फोन: ०१-४४४३९४४/ ४४४५८४४ । इमेल: info@generalinsurance.com.np
वेवसाइट: www.gicnepal.com । टोल फ्रि नं.: १६६००१८८८६६


परिशिष्ट १ (निर्देशन १ सँग सम्बन्धित) निर्जीवन बीमा गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण

## आ.व. २०७७/०७८ को चौथो त्रैमासिक (२०७८ असार मसान्त) सम्मको लेखापरीक्षण हुन बाँकी वित्तीय परिणाम

### वासलात

(रु. लाखमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| १ | **श्रोत (१.१ देखि १.५ सम्म)** | **११,९६५.२२** | **११,७०१.७७** | **८,०२७.६६** |
| १.१ | चुक्ता पूँजी | १०,०००.०० | १०,०००.०० | ७,०००.०० |
| १.२ | जगेडा तथा कोष | ८७५.०० | ७५६.४४ | ४६५.८२ |
| १.३ | बीमा कोष | १,०१६.२८ | ८८४.५६ | ५१०.०८ |
| १.४ | महा-विपत्ती जगेडा | ७३.९४ | ६०.७७ | ५१.७६ |
| १.५ | तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी | – | – | – |
| २ | **उपयोग (२.१ देखि २.५)** | **११,९६५.२२** | **११,७०१.७७** | **८,०२७.६६** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ४६२.०१ | ४६९.५८ | ३४३.१४ |
| २.२ | दीर्घकालीन लगानी तथा कर्जा | ५२३.६५ | ४७३.६५ | ६५५.२३ |
| २.३ | **खुद चालु सम्पत्ति (३-४)** | **१०,९७९.५६** | **१०,७५८.५४** | **७,०२९.२३** |
| २.४ | अपलेखन वा समायोजन हुन बांकी बिबिध खर्चहरु | – | – | – |
| २.५ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| ३ | **चालु सम्पत्ति, कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **१४,८८७.७८** | **१५,४५७.०९** | **९,८५०.०३** |
| ३.१ | नगद तथा बैंक मौज्दात | १,७५३.२७ | १,०७३.०६ | ६२५.१२ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | १०,८९५.५१ | १२,२५३.२७ | ८,३४९.०० |
| ३.३ | अन्य सम्पत्ति | २,२३९.०१ | २,१३०.७६ | ८७५.९१ |
| ४ | **चालु दायित्व तथा व्यबस्थाहरु (४.१ देखि ४.४ सम्म)** | **३,९०८.२३** | **४,६९८.५५** | **२,८२०.८०** |
| ४.१ | चालु दायित्व | १,१७१.७० | १,५७१.५६ | ६०४.९० |
| ४.२ | असमाप्त जोखिम बापत व्यबस्था | १,०३५.०६ | १,३५०.२७ | १,०४८.०२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यबस्था | ५४०.७५ | ५७०.६४ | १७५.४० |
| ४.४ | अन्य व्यबस्था | १,१६०.७२ | १,२०६.०८ | ९९२.४८ |

### नाफा-नोक्सान हिसाब

(रु. लाखमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| १ | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **१,६०२.११** | **१,१३६.२४** | **९४२.६१** |
| १.१ | आय व्यय हिसावबाट सारेको | ७९५.१८ | ४७५.८३ | ४०९.६० |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ८०६.९३ | ६६०.४१ | ५२९.४९ |
| १.३ | व्यवस्था फिर्ता | – | – | – |
| १.४ | अन्य आम्दानी | – | – | ३.५२ |
| २ | **व्यबस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म)** | **७०१.७९** | **४९९.३७** | **४३६.८२** |
| २.१ | व्यवस्थापन खर्च | १७३.०३ | १२५.३४ | १३९.७६ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | शेयर सम्बन्धी खर्च | – | – | – |
| २.४ | अन्य खर्चहरु | – | – | – |
| २.५ | नोक्सानीको लागि व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.७ | कर्मचारी बोनस व्यवस्था | १४२.९१ | १०१.०९ | ८०.२८ |
| २.८ | आयकर | ३८५.८५ | २७२.९४ | २१६.७७ |
| ३ | **खुद नाफा-नोक्सान (१-२)** | **९००.३२** | **६३६.८७** | **५०५.७९** |

### एकिकृत आय-व्यय हिसाव

(रु. लाखमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| १ | **आय (१.१ देखि १.६ सम्म)** | **४,८२३.७५** | **४,१००.२१** | **३,८०६.६२** |
| १.१ | बीमाशुल्क (खुद) | २,०७०.१२ | १,६३६.२५ | २,०९६.०५ |
| १.२ | पुनर्बीमा कमिशन आय | १,२०३.६७ | ९७४.३२ | ७५३.६९ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | २४९.४९ | १८९.१८ | १८०.१८ |
| १.४ | अन्य प्रत्यक्ष आय | – | – | – |
| १.५ | आ.ब. शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | १८६.३६ | १८६.३६ | ८६.३५ |
| १.६ | आ.ब. शुरुको असमाप्त जोखिम वापत ब्यवस्था | १,११४.११ | १,११४.११ | ६९०.३५ |
| २ | **व्यय (२.१ देखि २.८ सम्म)** | **४,०२८.५७** | **३,६२४.३९** | **३,३९७.०२** |
| २.१ | दावी भुक्तानी (खुद) | ७४९.२९ | ४५९.७१ | ७६९.३१ |
| २.२ | अभिकर्ता कमिशन | १२५.११ | ९९.०७ | १२४.५१ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | ०.४० | ०.३० | ०.९४ |
| २.४ | सेवा शुल्क (खुद) | २०.७० | १६.३६ | २०.९६ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | – | – | – |
| २.६ | व्यवस्थापन खर्च | १,५५७.२६ | १,१२८.०३ | १,२५७.८७ |
| २.७ | त्रैमासिकको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ५४०.७५ | ५७०.६४ | १७५.४० |
| २.८ | त्रैमासिकको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | १,०३५.०६ | १,३५०.२७ | १,०४८.०२ |
| ३ | **नाफा-नोक्सान हिसावमा सारेको (१-२)** | **७९५.१८** | **४७५.८३** | **४०९.६०** |

### अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यमा | अघिल्लो त्रैमासिकको अन्त्यमा | अघिल्लो आ.व.को सम्वधित त्रैमासिकको अन्त्यमा |
|---|---|---|---|---|
| १ | कुल बीमाशुल्क आर्जन (रकम रु. लाखमा) | ६,५६०.८४ | ५,२२८.८६ | ५,३६९.४१ |
| २ | जारी बीमालेखको संख्या | ७१,९०८ | ६१,३१३ | ५७,८०३ |
| ३ | नविकरण गरिएको बीमालेखको संख्या | १०,४९६ | ८,१९५ | ४,६०६ |
| ४ | कुल दावी भुक्तानी रकम (रु. लाखमा) | ३,०५४.०८ | १,९९५.४१ | १,९५२.०५ |
| ५ | कुल दावी भुक्तानी संख्या | ३,५७० | २,०८४ | १,५६५ |
| ६ | कुल भुक्तानी हुन बाँकी दावी रकम (रु. लाखमा) | ३,१४४.८५ | २,५९६.१५ | ३९०.३१ |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्या | २,३२९ | २,३६१ | ३५६ |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम -१ (अनुसूची -१४) संग सम्बन्धित

## आ.व. २०७७/०७८ को चौथो त्रैमासिक प्रतिवेदन

**१. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरण:**

(क) त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धि हिसाब (लेखापरीक्षण हुन बाँकी) यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तिय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी रु. | रु. ९.०० | प्रति शेयर नेटवर्थ | रु. ११९.६५ |
| पि.ई. अनुपात | ७६.९७ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | रु. १५८.७३ |

**२. व्यवस्थापकीय बिश्लेषण:**

समिक्षा अवधिमा कम्पनीले गत आ.व.२०७६/०७७ को चौंथो त्रैमासिकको तुलनामा बीमाशुल्क आम्दानी २२% ले वृद्धि गरी रु. ६५ करोड ६० लाख ८३ हजार रहेको छ। आ.व.२०७७/७८ भरी कोभिड महामारीको त्रास रहिरयो । उक्त महामारीले एक होनहार कर्मचारीको ज्यानै समेत लियो भने कतिपय कर्मचारीहरुलाई संक्रमणले ग्रसित बनायो तथापि महामारीको कहरमा पनि नियमित रुपमा सावधानीपूर्वक, हर सम्भव, विद्धुतीय माध्यमद्वारा विभिन्न बैंक, वित्तीय संस्थाहरु, स्थानीय निकायहरु लगायत अन्य संघ-संस्थाहरु संग व्यवसायिक सम्बन्ध स्थापित गरी व्यवसाय बिस्तार गर्दै, बीमालेख नविकरण नछुटाउने गरी कार्ययोजना सहित अघि बढेको साथै, ग्राहकवर्गहरुलाई गुणस्तरीय छिटो-छरितो सेवा प्रवाह गर्ने नीतिलाई यस कम्पनीले निरन्तरता दिईरहेको छ।

कोभिड १९ बाट प्रभावित विमितहरुलाई यस कम्पनीले अषाढ मसान्तसम्म रु. १५ करोड ८१ लाख भुक्तानी गरिसकेको छ। बाँकी भुक्तानी गर्नु पर्ने रकम पनि सरकारबाट प्राप्त हुनासाथ भुक्तानी गर्ने योजना रहेको छ।

कम्पनीले आगामी दिनमा व्यवसायिक विविधिकरण गरी मुलुकका विभिन्न प्रदेशहरुमा बीमा सम्बन्धि जनचेतना अभिवृद्धि गर्नको लागि प्रत्येक प्रदेशमा प्रदेश कार्यालय तथा आवश्यकता अनुसार शाखा कार्यालयहरु विस्तार गर्दै लगिने छ साथै अग्नि तथा भूकम्प बीमा, कृषि तथा स्वास्थ्य बीमालाई उच्च प्राथमिकतामा राखिने योजना रहेको छ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण:**

(क) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको हालसम्म कुनै जानकारी नभएको ।

(ख) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको जानकारी नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धि विश्लेषण:**

त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण: (श्रोत: नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाइट www.nepalstock.com.np बाट)

| | | |
|---|---|---|
| अधिकतम मुल्य: रु. ६९६ | न्युनतम मुल्य: रु. ६९० | अन्तिम मुल्य: रु. ६९३ |
| कारोवार भएको शेयर संख्या: ११,३३,५५० कित्ता | कारोवार भएको दिन: ६५ दिन | कारोवार संख्या: २७,४८३ |

**५. समस्या तथा चुनौती :**

**आन्तरिक समस्या, चुनौती र समाधान:**

(क) समय र परीस्थितिको माग अनुसार डिजिटल प्रविधिको अधिकतम प्रयोग गरी नयाँ तथा फरक शैलीमा आन्तरिक प्रणाली विकास गरी छिटो छरितो तथा भरपर्दो सेवा उपलब्ध गराउने शिलसिलामा भैपरी आएका कमि कमजोरीको व्यवस्थापन गरी नयाँ व्यवसाय, नविकरण तथा दैनिक कार्यशैलीमा चुस्तता ल्याउने प्रयास गरिएको छ।

(ख) बीमा बजारमा अस्वस्थ प्रतिस्पर्धा लाई चिर्दै, ग्राहक महानुभावहरुको आवस्यकता र जोखिम लाई ध्यानमा राखी स्तरीय बीमा सेवा प्रदान गर्ने अठोट लिईएको छ।

(ग) बीमा सम्बन्धि प्रचार प्रसार तथा जनचेतनाको कमि महसुस गरेर नै ज्ञानवर्दक तथा शिक्षाप्रद बीमा सम्बन्धि विज्ञापन र प्रचार प्रसार गरिएको छ। बीमा संग सम्बन्धित कार्यक्रम र प्रस्तुतिमा अग्रसर रही आएको छ।

(घ) दक्ष जनशक्ति को अभाव टार्न समय समयमा कर्मचारी प्रशिक्षण, अनुगमन र मुल्यांकन गर्ने गरिएको छ। कम्पनीको व्यवसायमा उल्लेख्य योगदान प्रदान गर्ने कर्मचारीलाई उचित सम्मान तथा वृत्ति विकासमा ध्यान पुराइएको छ।

**वाह्य समस्या, चुनौती र समाधान:**

(क) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको दोश्रो महामारीको असर नेपालमा गहीरो रुपमा विषम परीस्थिति सृजना गरेको छ। विगत वर्ष देखि लामो समयसम्म देश लकडाउन को चपेटाबाट थलिदै आइरहेको अबस्था रहेको छ तथापि, उक्त असमान्य परीस्थितिमा पनि बीमा सेवामा कुनै पनि कमि महसुस हुन नदिने प्रण गरिएको छ। स्वस्थ्य सावधानी अपनाई, ग्राहक वर्गमा छिटो छरितो बीमा सेवा प्रदान गर्दै जाने अठोट लिईएको छ।

(ख) राष्ट्रिय स्तरमा सोंचे अनुरुप उद्योग, कलकारखाना, व्यापार, पारवहन तथा कृषि को बढोत्तरी नभएता पनि बीमा सेवाबाट बन्चित रहेका क्षेत्रमा पहुँच विस्तार गरी सेवा विस्तार गर्ने योजना रहेको छ।

**६. संस्थागत सुशासन:**

संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहेको छ साथै संस्थागत सुशासन कायम राख्न कम्पनीले देहाय बमोजिम कदम अवलम्बन गरेको छ।

(क) संचालक समिति, बीमा ऐन, बीमा नियमावली तथा विद्यमान कानून र अन्य नियमनकारीको नियम तथा निर्देशनको पूर्ण पालना गरी संस्थागत सुशासनलाई निरन्तर पालनाको लागि संचालक समिति तथा व्यवस्थापन कटिवद्ध रहेको छ।

(ख) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित छ, साथै आन्तरिक तथा बाह्य लेखापरीक्षकको सुझाव अनुसार कार्यसम्पादन गरिँदै आएको छ।

**७) सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्धोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्यतथ्य पूर्ण छन् र लगानीकर्ताहरुलाई उपयुक्त निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारी लुकाईएको छैन।